आज मिति २०७८।०२।१६ गतेको दिन यस उत्तरगया गाउँपालिका कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्सालज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री उपेन्द्र लम्साल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री बम बहादुर तामाङ | वडा अध्यक्ष |
| श्री खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री इश्वर थापा | वडा अध्यक्ष |
| श्री शान्ता गलान | सदस्य |
| श्री कृष्ण कुमारी नेपाली | सदस्य |
| श्री सिता भट्ट | सदस्य |
| श्री विन्दा रैला | सदस्य |
| श्री ज्ञानु विक | सदस्य |
| श्री तिर्थ बहादुर घले | सदस्य |
| श्री अर्जुन खड्का | सदस्य सचिव |

**प्रस्तावहरु**

प्रस्ताव नं. १ आगामी आ.व. ०७८।०७९ को स्रोत अनुमानको रकम स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ आगामी आ.व. ०७८।०७९ को वजेट सिमा तथा योजना तर्जुमा निमार्णको प्रक्रिया सम्बन्धमा ।

प्रस्ताव नं. ३ एम्वुलेन्स सञ्चालन कोषमा रकम ट्रान्सफर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ प्रकोप कोष खातामा ट्रान्सफर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ ओषधी खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ कार्यविधि पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ सौर्य उर्जा प्रविधि, वायो ग्यास तथा सुधारीएको चुलो जडान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ वजेट निर्माणको क्रममा खटिने मुख्य कर्मचारीलाई दिईने थप सुविधा सम्बन्धमा ।

प्रस्ताव नं. ९ नेपाल दुरसंचार प्राधिकरण मार्फत ब्रोडव्याण्ड इन्टरनेट जडान सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं. १० धार्मिक सास्कृतिक लागि विनियोजित बजेट बाट भुमेस्थान मन्दिर र श्री देवि मन्दिरमा नियमित पुजाको बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं. ११ पालिका स्तरीय दररेट सम्बन्धमा ।

**समिक्षा गाउँकार्यपालिकाको ४७ औ बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

गाउँ कार्यपालिकाको ४७ औ वैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णयहरु**

**निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा** उत्तरगया गाउँकार्यपालिकाका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्युको अध्यक्षतामा मिति २०७८ वैशाख १४ गते वसेको श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको निर्णय बमोजिम पेश भएको आगामी वर्ष ०७८।०७९ को आस्तरिक आय, स्रोत हस्तान्तरण, राजश्व बाँडफाड, आन्तरिक संचिती समेत अनुमानित स्रोत रु.१५,००,००,०००।०० (पन्द्र करोड).लाई स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २ प्रस्ताव नं २ माथि छलफल गर्दा** आगामी आर्थिक वर्ष ०७८।०७९ को स्रोत अनुमान रु.१५ करोड अनुमान गरिएकोमा, उक्त रकम मध्ये मिति २०७८ वैशाख १४ गते वसेको श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको निर्णय बमोजिम तपशिलको क्षेत्रमा तपशिलको रकम वजेट सिमा (सिलिङ्ग) निर्धारण गर्ने

क) कार्यालयको चालुगत तथा पूँजीगत तर्फ ७ करोड ५० लाख ।

ख) वडा कार्यालय सवैमा ५०।५० लाखका दरले योजना छनौट गर्ने गरी सिमा तोक्ने निर्णय गरियो ।

साथै आगामी आर्थिक वर्ष ०७८।०७९ को वजेट तर्जुमा देहायको तालिका वमोजिम बजेट तर्जुमा गर्ने निर्णय गरियो ।

क) मिति २०७८ जेष्ठ २५ गते सम्ममा वडाले वडास्तरीय भेला गरी वडा समितिवाट स्वीकृत गराई वडा कार्यालयले गाउँपालिका कार्यालयमा योजना पेश गर्ने,
ख) वडा कार्यालयवाट प्राप्त योजनाहरुको अध्ययन, विश्लेषण गरी चालु वर्षको नीतिको समिक्षा र सुधारका योजना सहित विषयगत समितिहरुले २०७८ जेष्ठ मसान्त भित्र वजेट तथा कार्यक्रम तर्जुमा समितिमा योजना पेश गर्ने ,
ग) वजेट तथा कार्याक्रम तर्जुमा समितिले मिति २०७८ आषाढ ५ गते सम्म योजना नीति तथा कार्यक्रम तर्जुमा गरी गाउँ कार्यपालिकमा पेश गर्ने,
घ) वजेट तथा कार्याक्रम तर्जुमा समितिवाट पेश भएका योजना, नीति र कार्यक्रम सहित विनियोजन विधेयक २०७८ गाउँकार्यपालिकावाट पारित गराई २०७८ असार १० गते गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा** यस गाउँपालिकाबाट सञ्चालन गरिएको एम्बुलेन्सको खर्च व्यवस्थापन गर्नका लागि गाउँपालिकाको विपत व्यवस्थापन कोषमा जम्मा भएको रकमबाट उत्तरगया गाउँपालिका एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषमा रु. १,००,०००।- (अक्षरुपी एक लाख रुपयाँ मात्र) रकम ट्रान्सफर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा** हिमालयन बैंक लिमिटेड बेत्रावती शाखामा रहेको उत्तरगया गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषखातामा विपद् व्यवस्थापन कोषमा रहेको बजेटबाट **१०,००,०००।-** (अक्षरुपी दश लाख रुपयाँ मात्र) ट्रान्सफर गरि आवश्यक खर्च गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ५ प्रस्ताव नं ५ माथि छलफल गर्दा** प्रत्येक दिन महामारीको रुपमा फैलिदै गएको कोभिड- १९ (कोरोना भाइरस) गाउँपालिका बासीलाई वचाउन नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डलाई पूर्व रुपमा पालना गर्ने साथै यस गाउँ पलिकाबाट विनियोजन गरेको २५ लाख मध्ये ई विडको प्रक्रियाबाट औषधी खरिद गर्दा विलो रकमबाट औषधी खरिद भई बाँकी रहेको करिव १५ लाख मध्येको रकमबाट कोभिड-१९ सँग सम्बन्धित आयुर्वेदिक औषधी खरिदका लागि रु. सात लाख पचास हजार मात्र र एलोप्याथिक औषधी, सर्जिकल तथा अन्य स्वास्थ्य सामाग्रीहरु खरिद गर्न रु. सात लाख पचास हजार मात्र विनियोजन गर्ने निर्णय गरियो । साथै यस कार्यालयको स्टोरमा केही महत्वपुर्ण औषधीहरु सकिएको र कोभिडको कारण केही औषधीहरु तत्कालै खरिद गर्नुपर्ने भएको साथै छिटो र गुणस्तरीय औषधीहरु तत्कालै खरिद गर्नुपर्ने भएको अवस्थालाई मध्यनजर गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १ क बमोजिम राष्टिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरि तोकिएको बिक्री मुल्यमा औषधी खरिद गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा** यस गाउँपालिकाको लागि अति आवश्यक भएको तपशिलका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

क) वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण कार्यविधि, २०७८
ख)उत्तरगया गाउँपालिका राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि, २०७८

**निर्णय नं. ७ प्रस्ताव नं ७ माथि छलफल गर्दा** सौर्य उर्जा प्रविधि तथा वायो ग्यास जडान गर्ने सम्बन्धमा कार्यपालिकाको मिति २०७८।०१।१४ को निर्णयबाट उक्त कार्य वडा नं. १ मा गर्ने भनिएको र उक्त कार्य गर्न सौर्य उर्जा प्रविधि जडान तर्फ रु.३ लाख तथा वायो ग्यास जडान तर्फ रु. २ लाख शर्शत रकम विनियोजन भएकोमा, उक्त दुवै रकम गरी जम्मा रु.५ लाखको सौर्य उर्जा प्रविधि जडानको कार्य कोटेशन मार्फत गर्ने र वायो ग्यास जडान गर्न रु.२ लाख रकम भएकोले यसको छुट्टै कोटेशन मार्फत कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ प्रस्ताव नं ८ माथि छलफल गर्दा** प्रयेक दिन महामारीको रुपमा फैलिदै गएको कोभिड- १९ (कोरोना भाइरस) को प्रकोप उच्च भई अत्यावश्यक सेवा बाहेक अन्य सेवाहरु बन्द भएकोले योजनाको अनुगमन देखी भुक्तानीको कार्य गर्नु पर्ने साथै आर्थिक वर्ष २०७८।०७९ को वजेट तर्जुमा समेत यही समयमा गर्नु पर्ने भई विहान बेलुका समेत

कार्य गर्नु पर्ने अवस्था भएकोले, वजेट तर्जुमाको कार्यमा विहान बेलुकाको समयमा समेत खटिनु पर्ने विषेश कर्मचारीहरु प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत र सूचना प्रविधि अधिकृत गरी ३ जनालाई कार्य प्रोत्साहन स्वरुप खाईपाई आएको तलवभत्ताको एक महिना बराबरको रकम कन्टिनजेन्सी शिर्षकको रकमबाट थप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा** नेपाल दुरसञ्चार प्राधिकरणबाट मिति २०७७।०२।१२ मा प्रकाशित सूचना बमोजिम भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरुको लागि नन डेडिकेटेड ब्रोडव्याण्ड इन्टरनेट जडानको तथा संचालन गर्न स्थानीय तहसँग समझदारी पत्रमा हस्ताक्षर गर्नुपर्ने भएकोले समझदारी पत्रमा हस्ताक्षर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा** धार्मिक सास्कृतिक लागि विनियोजित बजेट बाट उत्तरगया वडा नं. २ मा अवस्थित भुमेस्थान मन्दिर र श्री देवि मन्दिरमा नियमित पुजाको लागि रु तीस हजार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा** यस गाउँपालिकामा विकास निर्माण अर्न्तगत स्काभेटर हेभी इक्युपमेन्टको दर रेट निर्धारण नगरेको र जिल्ला दररेटमा उल्लेख नभएको विषयको सर्न्दभमा यस गाउँपालिका अर्न्तगत हुने पुर्वाधार विकास कार्यक्रम अर्न्तगत आवश्यक निर्माण सामाग्री -जिल्ला भित्र उपलब्ध हुन बाहेक) हरुको मुल्य छिमेकी जिल्ला नुवाकोटको दररेटमा ढुवानी समावेश गरि प्रयोग गर्ने गरि समर्थन गरियो ।